नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सूचना तथा प्रविधि शाखा
सिंहदरबार, काठमाडौं

प.सं.: २०७९/८० मितिः- २०७९ चैत्र १३ गते
च.नं.: ३२४

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

विषयः सुझाव कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तहहरु — सवै ।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं. ४ सुमन।०७९।८० मिति २०७९।१२।८ च.नं. ४३७०४ को पत्र यसै साथ संलग्न रहेको छ । पत्रानुसार आयोगको मिति २०७९।११।२१ को निर्णयानुसार "संघ, प्रदेश र स्थानीय तहका निर्वाचित पदाधिकारीहरुले सार्वजनिक कार्यक्रममा सरकारी खर्च गर्दा भड्किलो रुपमा नगरि मितव्ययिता अपनाई राज्य कोषको समुचित उपयोग गर्न आवश्यक कार्यविधि तथा मापदण्ड बनाई कार्यान्वयन गर्ने" भनी सुझाव प्राप्त भएकोले उक्त सुझाव कार्यान्वयन गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

शेखर निधि पौड्याल
शाखा अधिकृत

वोधार्थः
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
टङ्गाल, काठमाडौं ।

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं


स्थानीय तह क्षमता बिकास महाशाखा
दर्ता नं. २१२
मिति: १२/१३

पत्र संख्या :- ४/सुमन/०७९/८०
चलानी नं. :- ४२६०४

मिति: २०७९/१२/०८

श्री सूचना तथा प्रविधि शाखा

१२/१३

अत्यन्त जरुरी गोप्य

बिषयः सुझाव कार्यान्वयन सम्बन्धमा।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

यस आयोगमा दर्ता भएको उ.द.नं.C-७८७९-०४२०६९, मिति २०७९/०२/०९ को जिल्ला सप्तरी राजविराज नगरपालिकाको कार्यालयले जनप्रतिनिधिको पदस्थापना कार्यक्रममा अनुमानित २० (बिस) लाख रूपैया बिना कार्यादेश र मागफारम भरी मनपरी ढंगले खर्च गर्दैछ भन्ने समेत ब्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८(१)(ख) बमोजिम नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई देहाय बमोजिमको सुझाव कार्यान्वयनका लागि लेखि पठाई प्रस्तुत उजुरीलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १९ (१२) बमोजिम तामेलीमा राख्ने आयोगको मिति २०७९/११/२१ मा निर्णय भएको व्यहोरा अनुरोध छ।

सुझाव

"संघ, प्रदेश र स्थानिय तहका निर्वाचित पदाधिकारीहरूले सार्वजनिक कार्यक्रममा सरकारी रकम खर्च गर्दा भड्किलो रूपमा नगरि मितब्ययिता अपनाई राज्य कोषको समुचित उपयोग गर्न आवश्यक कार्यबिधि तथा मापदण्ड बनाई कार्यन्वयन गर्ने"

बोधार्थ

क) महाशाखा नं.१०, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं।

सुमन धिताल
उपसचिव


फोनः ५२६२१८०, ५२६२२४७, टोलफ्रि नं. : १६६०-०१-२२२३३, फ्याक्स : ५२६२१२८, ५२६२१०४, E-mail : akhtiyar@ntc.net.np